## पहिलो पृष्ठबाट बाँकी

### अलपत्र प्रदेश...

तर, अहिलेसम्म डिपिआर नबनेको उनले बताए।

प्रदेश सरकारले कोसी रिफ्रेसमेन्ट सेन्टरको कार्यालय सुनसरीको सदरमुकाम इनरुवामा खोलेको भएपनि सुरुवातदेखि नै आयोजना कार्यालयमै बसेर काम गर्नेगरी आयोजना प्रमुख पठाएको छैन। पहिले भौतिक पूर्वाधार विकास मन्त्रालयका इन्जिनियरलाई आयोजना हेर्ने जिम्मेवारी दिइएकोमा अहिले विराटनगर स्थित सहरी विकास तथा भवन डिभिजन कार्यालयका प्रमुख मिलन आचार्यलाई सो परियोजना हेर्ने गरी जिम्मा दिएको छ।

इनरुवामा रहेको परियोजनाको सम्पर्क कार्यालयको रुपमा भवन डिभिजन कार्यालयलाई जिम्मा दिनुले पनि आयोजना सरकारको प्राथमिकतामा नपरेको देखिन्छ। इनरुवा कार्यालयमा नायव सुब्बा तहदेखि तलका ८ जना कर्मचारीहरुले परियोजनामा सहजीकरण गर्दै आएका छन्।

### प्रदेश १...

तर, सरकारका मन्त्री साम्सोहाङकै कुरा सुन्ने हो भने सरकारले सकेसम्म आफ्नो आयु लम्ब्याउन चाहिरहेको देखिन्छ। असोजको अन्तिम साता विश्वासको मत लिने र त्यसपछि दशै विदा सुरु हुने भएकोले नयाँ सरकार दशैंपछि मात्र बन्ने सरकार पक्षको दावी छ।

प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले संविधानमा दल विभाजन भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रष्ठ व्यवस्था रहेको भन्दै निर्वाचन आयोगको पत्र प्राप्त भएपछि भन्नु संविधानको अपव्याख्या भएको दाबी गर्छन्। 'एमाले विभाजन भएको ३० दिनभित्र मुख्यमन्त्रीले या पदत्याग गर्नुपर्छ या विश्वासको मत लिनुपर्छ' उनले भने, 'संविधानविद र कानुनविदले पनि त्यही भन्छन्, त्यो भनेको असोज ७/८ हो।' राजनीतिक दल विभाजन प्रदेशमा हुने कानून नभएको र केन्द्रमा विभाजन भएपछि प्रदेशमा विभाजन भएको भन्दै उनले एमाले कहिले विभाजन भयो भन्ने हेरिने बताए।

दलहरुबीच मुख्यमन्त्रीले विश्वासको मत लिने समयबारे विवाद देखिएको बेला निर्वाचन आयोगका सचिव सुरेश अधिकारीको धारणा भने सत्तारुढ दलसँग मिल्ने खालको छ। 'आयोगले पत्र पठाएर संसद सचिवालयमा दर्ता भएको मितिले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ,' उनले भने, 'दल विभाजन भएको ३० दिनभित्र भनेको चाहिं संघीय संसदको कुरा गरेको हो।'

भदौ १० गते नेकपा एमालेको एकल बहुमतको सरकार रहेको शेरधन राई नेतृत्वको सरकारले राजीनामा दिएर हतारमा भीम आचार्यलाई मुख्यमन्त्री नियुक्त गरिएको थियो। नेकपा एमाले विभाजन भइसकेको अवस्थामा प्रदेशमा त्यसको प्रभाब रोक्न आचार्यलाई मुख्यमन्त्री बनाइएको थियो। तर, १० जना प्रदेशसभा सदस्यले नेकपा समाजवादीको पक्षमा सनाखत गरेसँगै उनले बहुमत गुमाएका छन्।

प्रदेशसभामा नेकपा एमालेको ५१ सांसदसहित बहुमत रहेकोमा १० जना सांसद पार्टी विभाजनको पक्षमा लागेपछि अहिले एमालेको पक्षमा ४१ सांसद मात्र छन्। प्रदेशसभाका कायम रहेका ९२ सदस्यमध्ये विपक्षी गठबन्धन नेपाली काँग्रेसका २१, नेकपा माओवादी केन्द्रका १५, नेकपा एकीकृत समाजवादीका १०, जनता समाजवादी पार्टीका ३ र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका १ गरी विपक्षी गठबन्धनमा ५० सांसद छन्। नयाँ सरकार गठनको लागि ४७ सांसद आवश्यक पर्छ। प्रदेशसभामा राप्रपाकी एक सांसदको समर्थन कसले पाउने भन्ने अझै स्पष्ट हुन सकेको छैन।

### फस्टाउँदो...

ठूलो परिमाणमा औषधि बरामद गरेको यो पहिलो घटना हो।

सशस्त्र प्रहरी बल मोरङका प्रमुख एसपी तीर्थ पौडेलका अनुसार दुईवटा कार्टुनमा लुकाएर झाडीमा फ्यालेको अवस्थामा औषधि बरामद गरिएको छ। तस्करी गरेर ल्याएको महंगो मूल्य पर्ने डेक्समिडाइन, टिगेवेस्ट, टिकोवाक्ट, कुटेनोक्स, डोटामिन, निप्रेस लगायतका ११ प्रकारका औषधि बरामद गरिएको छ।

बरामद भएको औषधि अवैध रुपमा तस्करी धन्दा चलाउने गिरोहको सञ्जालले ल्याएको हुनसक्ने प्रहरीले बताएको छ। 'भारतदेखि अहिले तस्करी गरेर नेपालमा औषधि ल्याउँदा धेरै फाइदा छ। त्यही भएर तस्करी धन्दा चलाउने गिरोहले अहिले औषधि व्यवस्था विभागमा दर्ता भएका र नभएका दुबैखाले औषधि अवैध बाटो हुदै ल्याउने गरेको छन्,' स्वास्थ्य क्षेत्रका एक जना जानकारले भने। लागत मूल्यभन्दा, दोब्बर तेब्बर बढी मुनाफा आर्जन हुने भएपछि गिरोहले भरिया प्रयोग गरेर तस्करीको औषधि भित्र्याउने गरेको छ।

स्रोतले दिएका जानकारी अनुसार भारतदेखि तस्करीको औषधि सबैभन्दा धेरै सीमावर्ती क्षेत्रमा रहेका फार्मेशीले मगाउने गरेका छन्। 'उनीहरूले निश्चित रकम दिएर भरिया प्रयोग गरि तस्करीको औषधि ल्याउने गरेका छन्,' स्रोतले भन्यो। औषधीको तस्करी धन्दा चलाउने क्यारिङ गर्नेले फार्मेशीसँग तस्करीको औषधि ल्याइपुर्‍याउदा औषधिको पत्ता हिसाबले पैसा लिने गरेको बताइएको छ।

प्रहरीले बरामद गरेको औषधि भरियाले गन्तब्यसम्म पुर्‍याउँदा क्यारिङ गर्नेले मगाउने व्यक्तिसँग एक लाख रूपैयाँसम्म लिने गरेको प्रहरी स्रोतको भनाइ छ। आइतबार बरामद भएको औषधि बेवारिसे अवस्थामा सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट (बिओपी) रानीले बरामद गरेको थियो। औषधि ल्याउनेको भने पहिचान भएको छैन।

सशस्त्र प्रहरीलाई देखेपछि तस्करीमा संलग्नहरु औषधि फ्यालेर भागेको अनुमान गरिएको छ। बरामद भएको औषधि आवश्यक कारबाहीका लागि औषधि व्यवस्था विभाग विराटनगरमा बुझाएको सशस्त्रले जनाएको छ।

औषधि व्यवस्था विभाग विराटनगरका प्रमुख सञ्जीव शर्मा कट्टेलले बरामद भएका औषधि अतिआवश्यकीय रहेको बताए। उनका अनुसार अधिकांश औषधि कोरोना संक्रमित, मुटुको समस्या भएका बिरामीका लागि प्रयोग हुन्छन्। त्यस्तै शरीरमा रगत जम्न नदिने खालका औषधि पनि रहेको उनले बताए।

### स्टिल...

नेपालमा अहिले ९ वटा स्टिल विलेट उत्पादन गर्ने उद्योगहरु सञ्चालनमा रहेको र ३ वटा थप उद्योगहरु स्थापनाको क्रममा रहेको भन्दै उनीहरुले यी उद्योगले मुलुकको ६० प्रतिशत माग धान्ने दावी गरेका छन्। उनीहरुले अन्य उद्योगले पनि ९ महिनाभित्र नयाँ प्लान्ट राख्न सक्ने भएकोले सरकारी नीतिको विरोध गर्नु आवश्यक नरहेको जिकिर गरेका छन्।

स्पन्ज आइरनबाट विलेट बनाउने प्रक्रियो चुनढुंगाबाट किलंकर बनाउनु जस्तै हरेको भन्दै संघले यसबाट देशभित्रै विलेट उत्पादन भई विलेट आयात प्रतिस्थापन हुने बताएको छ। अहिले विलेटमा रु.२.५० प्रतिकेजी अन्तशुल्क लागेको र फलामे छड (डण्डी) उत्पादनमा पहिलेको रु.१.६५ प्रतिकेजी घटाउँदा कूल रु.०.८५ (प्रतिकेजी पचासी पैसा) मात्र वृद्धि भएको भन्दै संघले बंगलादेश, पाकिस्तानलगायतका मुलुकमा विलेट तथा स्पन्ज आइरनको आयात भन्सार दर १० देखि ३२ प्रतिशतसम्मको अन्तर रहेकोले नेपालमा पनि १० प्रतिशत कायम गर्नुपर्ने संघको माग छ।

स्पन्ज आइरनबाट विलेट उत्पादन गर्ने देशभित्रकै प्रतिष्ठित र नाम चलेका उद्योगहरु रहेकोले गुणस्तरमा कुनै सम्झौता नहुने भन्दै संघले स्पन्ज आइरनबाट उत्पादित विलेटको गुणस्तर र आयातित विलेट (जुन स्पन्ज आइरनबाट नै बन्दछ)को गुणस्तरमा फरक हुने तर्क हाँस्यास्पद रहेको जिकिर गरेको छ। हाल नेपालमा उत्पादित विलेटबाट नै ५०० डि डण्डी उत्पादन भइरहेको र उल्टो स्पन्ज आइरनबाट विलेट उत्पादन गर्दा विलेटको गुणस्तर वृद्धि गर्ने एलआरएफ जस्ता प्रविधिसमेत नेपालमा आइसकेको संघले जनाएको छ।

स्पन्ज आइरनबाट विलेट बनाउँदा थप कम्तीमा २० हजारले रोजगारी पाउने र विद्युत् खपत ३०० देखि ५०० मेगावाटले बढ्ने भएकोले त्यसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने संघले जनाएको छ। यो व्यवस्थाले आयात प्रतिस्थापन भई कम्तीमा वार्षिक ४० अर्ब वैदेशिक मुद्राको बचत हुने र फर्नेस आयलको आयातसमेत वार्षिक २ अर्बले घट्ने संघको दावी छ।

विगत ३ वर्षदेखिको आफूहरुको माग ढिलोगरि सरकारले आंशिक सम्बोधन गरेको भन्दै संघले यसको विरोधको अर्थ नरहेको जनाएको छ।

# मिस कोशीका प्रतियोगीले देखाए प्रतिभा

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २८ भदौ*




छैठौं संस्करणको मिस कोशीको फाइनलमा पुगेका ३० जना प्रतियोगिहरूले प्रतिभा देखाएका छन्। उनीहरूले मिस ट्यालेन्ट राउण्डमा आ-आफ्ना रोजाइ अनुसारको प्रतिभा देखाएका हुन्।

ट्यालेन्ट राउण्डको फाइनलमा पुगेका प्रतियोगिहरूले गीत, नृत्य, अभिनय, कविता, मूर्तीकलालागयतका विभिन्न प्रतिभा देखाएको जय मिडिया म्यानिजमेन्ट प्रालिका चियरमेन जयराज रायले जानकारी दिए।

किशोरीहरूमा भएका प्रतिभा उजागर गर्नुको साथै उनीहरूको व्यक्तित्व विकास गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा विभिन्न चरणको अडिसनबाट ३० जना फाइनलमा पुगेका हुन्।

ट्यालेन्ट राउण्डको निर्णायकहरूमा नृत्य निर्देशक मनोज राजवंशी, संगीतकार तथा गायक राम राउत, नाट्यकर्मी तथा मिस कोशी २०१५ को मिस ट्यालेन्ट श्रुति नेपाल, जय मिडिया म्यानेजमेन्ट प्रालिका चेयरमेन जयराज राय रहेका थिए।

मिस ट्यालेन्ट हुने एक जना प्रतियोगितलाई फाइनलमा एवार्ड बितरण गरिनेछ। प्रतियोगिताको फाइनल असोजमा हुनेछ। फाइनलमा पुगेका प्रतियोगीहरूलाई अहिले बन्द प्रशिक्षणमा विभिन्न क्षेत्रका विज्ञता हासिल गरेका व्यक्तिलाई ल्याएर प्रशिक्षण दिने गरेको छ। प्रतियोगिताको बिजेता स्कुटी र विभिन्न गिफट ह्याम्परको साथै पोखरा टुर पनि रहेको छ।

आयोजकले ३० जनामध्ये एक जना प्रतियोगिलाई अमा दबलम कलेज विराटनगरले बिए, बिबिएस, र एकाउन्टिङ कुनै पनि विषयमा अध्ययन गर्न पूर्ण रूपमा स्कलरशिप प्रदान गर्ने भएको जय मिडिया म्यानिजमेन्ट प्रालिकी सिइओ निशा खतिवडाले जानकारी दिइन्।

# साइकल यात्रीहरुलाई धरानमा भव्य स्वागत



◆ हाम्रोमत संवाददाता

*धरान, २८ भदौ*

आन्तरिक पर्यटन प्रवर्द्धन गर्न ईलामको श्रीअन्तुदेखि मुगुको रारा तालसम्मको यात्रामा निस्किएका साइकल यात्रीहरुलाई सोमबार धरानमा भव्य स्वागत गरिएको छ। विश्व साइकलयात्री तथा सगरमाथा आरोही पुष्कार शाहको नेतृत्वमा ५० जनाको टोली ३ दिनघि अन्तुदेखि साइकल यात्रामा निस्किएका हुन्।

उनीहरु पहिलो दिन झापाको धुलाबारी र हिजो दोस्रो दिन इटहरीको तालतलैयामा बास बसेका थिए। सोमबार बिहान धरान आइपुगेका टोलीलाई मेयर तिलक राईसहित साइकल सम्बन्धित विभिन्न संघसंस्था तथा पर्यटनकर्मीहरुले तीनकुनेमा भव्य स्वागत गरेका थिए। साथै, केकसमेत काटिएको थियो।

करिब ५० जनाको टोली सोमबार उदयपुरको गाइघाटमा बास बस्नेछ। टोलीले २८ जिल्ला हुँदै १८ सय किलोमिटरको दुरी ४ हप्तामा पुरा गर्दै रारामा पाइला टेक्ने बताइएको छ।

विश्व साइकल यात्री शाहले सम्बन्ध जोडौं, देश घुमौं भन्ने सन्देश दिएर साइकल यात्रा शुरु गरिएको बताए। उनले जुम्लाको चन्दननाथ नगरपालिकाको उपहार साँचो धरानका मेयरलाई प्रदान गर्दै घुम्न आउने निम्तो पनि दिएका थिए।

धरानका साइक्लिष्ट कृष्ण केसीले यो अभियानले साइक्लिष्टहरुलाई उत्साही बनाएको बताए। अर्का साइक्लिष्ट उमेश भण्डारीले नेपालको प्राकृतिक सुन्दरतालाई विदेशसम्म लैजान साइक्लिङ महत्वपूर्ण माध्यम हुने धारणा राखे।

# सम्मानसहित स्वयंसेविकाको बिदाइ

◆ हाम्रोमत संवाददाता

*इटहरी, २८ भदौ*

सुनसरीको इटहरी उपमहानगरपालिकाले ३३ वर्ष अधिदेखि कार्यरत इटहरीका तीनजना महिला स्वयंसेविकाकालाई इटहरी उपमहानगरपालिकाले सम्मानसहित विदाई गरेको छ। उपमहानगरले ६० वर्षे उमेरहदका कारण विष्णुतारा नेपाली, गंगादेवि नेपाल र गंगीया सरदारलाई सम्मानसहित आइतबार विदाइ गरेको हो।

उपमहानगरका प्रमुख द्वारिकलाल चौधरीले ३० हजार रकम प्रोत्साहन भत्तासहित उनीहरुलाई विदाई गरेका थिए। विदाई कार्यक्रममा प्रमुख चौधरीले उहाँहरुले स्वास्थ्य क्षेत्रमा पुर्‍याएको योगदानको उच्च प्रशंशा गरे।

इटहरीमा १३६ जना महिला स्वास्थ्य स्वयंसेविकाले सेवा प्रदान गरिरहेको उपमहानगरपालिकाले जनाएको छ।

# भोजपुरमा १७ करोड बढी राजस्व संकलन

◆ हाम्रोमत संवाददाता

*भोजपुर, २८ भदौ*

भोजपुरमा आन्तरिक राजश्व कार्यालय स्थापना भएको वर्ष दिन नपुग्दै १७ करोड बढी राजस्व संकलन भएको छ।

स्थानीयको लामो समयदेखि धरान, धनकुटा पुगेर कर तिनुपर्ने बाध्यता अन्त्य भएपछि करको दायरामा आउनेको संख्या बढेको हो।

अघिल्लो आर्थिक वर्ष २०७७-७८ मा १४ करोड १३ लाख ६६ हजार राजस्व संकलन भइसकेको र कर तिर्न आउनेको संख्या जारी रहेकोले यो रकम अझ बढ्ने कर अधिकृत रुपक न्यौपानेले जानकारी दिए। यो आर्थिक वर्षका साउन महिनामा मात्र ३ करोड बढी राजस्व संकलन भएको कार्यालयको भनाइ छ।

अधिकृति न्यौपानेले कार्यालय स्थापना भएर यहीँबाट सेवा सञ्चालनमा आएपछि करको दायरामा आउने मानिसहरुको संख्या उल्लेख्य रहेको छ। यो आर्थिक वर्षको पहिलो महिना मा मात्र ३ करोड राजस्व संकलन भएको छ।

कार्यालय स्थापना हुँदाको अवस्थामा ३ हजार ८ सय ९३ करदाता रहेकोमा एक वर्षको अवधिमा दुई हजार ३२१ नयाँ करदाता थपिएर अहिले ६ हजार २१४ पुगेको अधिकृत न्यौपानेले बताए। करदाताको संख्या झण्डै ५० प्रतिशतले बढेको छ। यो यही कार्यालय स्थापना भएको सकारात्मक प्रभाव पनि हो।

कर अधिकृत न्यौपानेले करसम्बन्धी सचेतनामूलक कार्यक्रम गर्दै आएकोले पनि सकारात्मक प्रगति भएको बताए। हालसम्म आयकर ९ करोड ६८ लाख ३२ हजार, घर बहाल कर १ करोड २४ लाख ७२ हजार, ब्याज कर ८ लाख २५ हजार, मूल्य अभिवृद्धि कर ६ करोड २२ हजार र अन्तशुल्क १८ लाख ५४ हजार रुपैयाँ संकलन भएको कार्यालयले जनाएको छ।

विगतमा कार्यालय नहुँदा कर तिर्नको लागि तीन दिन लगाएर धरान धनकुटा पुग्नुपर्ने बाध्यता थियो। तर, गत वर्षको असोज महिनामा यहाँ नै कार्यालय स्थापना भएपछि स्थानीयको त्यो अवस्था अन्त्य भएको छ।

करदाता सेवा कार्यालयमा अनलाइन सेवासमेत सञ्चालन भएकोले २० लाखसम्मको कारोबार गर्ने निजी फर्म तथा उद्यमीहरुले घरबाटै कर तिर्न सक्नेसमेत रहेको छ।













